पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन २० गते मंगलबार ❑ 4 March. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## कठिन परिस्थितिमा पनि लोकतान्त्रिक मूल्य, मान्यता र आर्दशलाई आत्मसात् गर्नुपर्छ : पूर्वराष्ट्रपति भण्डारी

**रासस**
काठमाडौं, १९ फागुन

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले राजनीतिक दलहरूले जस्तो सुकै कठिन परिस्थितिमा पनि लोकतान्त्रिक मूल्य, मान्यता र आर्दशलाई आत्मसात् गर्नुपर्ने बताउनुभएको छ।

'केपी शर्मा ओली : सपना, सङ्घर्ष र सङ्कल्प' पुस्तकको सोमबार यहाँ लोकार्पण गर्दै उहाँले बहुलवाद र बहुदलीय प्रतिस्पर्धालाई उच्च प्राथमिकता दिएर राजनीतिक श्रेष्ठताबाट नै सरकारको नेतृत्वमा पुग्ने र सामाजिक आर्थिक रूपान्तरण गर्ने लक्ष्य लिएको नेकपा (एमाले) लाई कुनै पनि राजनीतिक घटना परिघटनाले विचलित तुल्याउन नसक्ने बताउनुभयो । पूर्वराष्ट्रपति भण्डारीले भन्नुभयो, "एमालेसँग जनआधारित, अनुशासित एवं समर्पित कार्यकर्ता र सदस्यहरूको विस्तारित पंक्ति, अनुभवी, संयमित र दृढ सङ्कल्प भएको नेतृत्व तह तथा समृद्धि हासिल गर्न मार्गदर्शनका रूपमा मौलिक सिद्धान्त छ । मुलुकको राजनीतिक, सामाजिक, आर्थिक परिवर्तन गर्न एमाले अध्यक्ष प्रधानमन्त्री ओली रहनुभएको छ । यो पार्टीको महत्वपूर्ण योगदान दिइरहेको छ।"

अध्यक्ष ओलीले एमालेको आन्तरिक जीवनलाई लोकतान्त्रिक, कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउन तथा उत्पन्न हुने गुट र फुटलाई परास्त गरेर पार्टीलाई सुदृढ गर्न खेलेको भूमिकाको उहाँले सराहना गर्नुभयो । पूर्वराष्ट्रपति भण्डारीले यो पुस्तकले प्रधानमन्त्री ओलीले आफ्नो सङ्घर्षमय जीवन र राजनीतिक यात्रालाई अघि बढाउने सर्न्दभमा देख्नुभएको महान सपना, गर्नुभएको अथक सङ्घर्ष र अगाल्नु भएको विशिष्ट सङ्कल्पलाई थप उजागर गरी जनमानससम्म पुर्याउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

पुस्तकले प्रधानमन्त्री ओलीको समृद्ध नेपाल, सुखी नेपाली बनाउने लक्ष्य साकार पार्ने दिशामा थप हौसला प्रदान गर्ने उहाँको विश्वास थियो । "महाभूकम्पले भत्काएको संरचना पुनःनिर्माण गर्न देखाउनुभएको सक्रियता र त्यसमा प्राप्त सफलता, कोरोना महामारी नियन्त्रण तथा प्रभावितको उपचारमा देखाउनुभएको प्रभावकारी व्यवस्थापन एवं आर्थिक समृद्धि हासिल गर्न उहाँमा भएको हुटहुटी मैले नजिकबाट अवलोकन गरेको छु", उहाँले भन्नुभयो,"ओलीको प्रभावकारी कार्यक्षमता र महत्वपुर्ण अनुभवको मुलुकले भरपुर उपयोग गर्नुपर्छ। अतुलनीय सक्रियता, अदम्य इच्छाशक्ति र सृजनशील क्षमताका धनी प्रधानमन्त्री ओली एक अब्बल एंव लोकप्रिय राजनेता हुनुभएको छ ।" एमाले महासचिव शङ्कर पोखरेलले अध्यक्ष एवं प्रधानमन्त्री ओली एउटा अनुशासित विद्रोहीका रूपमा समाजको दिशालाई बदल्ने सामर्थ्य राख्ने व्यक्ति भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अनुशासित व्रिदोहको प्रतिनिधि पात्रका रूपमा अध्यक्ष ओली हुनुहुन्छ । राजनीतिक मूल्य मान्यता र सिमामा रहेर अगाडि बढ्यो भने उपलब्धि हासिल गर्न सकिन्छ भन्ने विषय अध्यक्ष ओलीको जीवन सङ्घर्षबाट सिक्ने पाठ हो ।" अध्यक्ष ओली अध्ययन र ज्ञानको भण्डारको रूपमा रहनुभएको बताउँदै महासचिव पोखरेलले उहाँ राजनीति गर्नेहरूका बीचमा पार्टीलाई डोऱ्याउन सामर्थ्य राख्ने हैसियत र सदैव विचारसहितको नेता रहेको बताउनुभयो । "समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई उहाँले आत्मसात् गरेर अगाडि बढ्नुभएको छ । सङ्गठित विचार निर्माताको रूपमा पनि हामी बुझ्न सक्छौँ । धेरै जना राजनीतिमा सफल हुन्छन् तर जिम्मेवारी पूरा गर्नमा असफल भएको देखिए पनि उहाँ भने सफल रहनुभएको छ", उहाँको भनाइ थियो। पूर्वमन्त्री निलाम्बर आचार्यले प्रधानमन्त्री ओली समृद्ध नेपाल, सुखी नेपालीको अवधारणाकार र योजनाकार मात्र नभइ समृद्ध नेपाल निर्माण गर्ने दृढ इच्छाशक्ति भएको राजनेताका रूपमा रहनुभएको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेका पुस्ताले केपी ओलीमा भएको आत्मबल, हरेस नखाने, खटिराख्ने आचरण र निरन्तर अध्ययन गरिराख्ने बानी सिक्नुपर्छ । राजनीतिमा त यो झन् आवश्यक छ ।" वरिष्ठ मुटुरोग विशेषज्ञ डा भगवान

बाँकी अन्तिम पृष्ठमा ▶▶

## हिमालय एअरलाइन्स्ले पोखरा र काठमाण्डौं ल्हासा उडान गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

नेपाल-चीन बीचको संयुक्त साझेदारी कम्पनीका रूपमा स्थापित अन्तर्राष्ट्रिय विमान कम्पनी हिमालय एअरलाइन्स्ले पर्यटनको राजधानी पोखरा र काठमाण्डौंबाट विश्वप्रसिद्ध 'रुफ अफ द वर्ल्ड' ल्हासा बीच उडान सुरु गर्ने भएको छ।

यही मार्च ३१ तारिख देखि हप्ताको एक दिन उक्त रुटमा हवाई उडान गर्ने तयारी गरेको हिमालय एअरलाइन्स्का उपाध्यक्ष एवम् प्रवक्ता विजय श्रेष्ठले बताउनुभयो। काठमाडौँ-ल्हासा-पोखरा-ल्हासा-काठमाडौँ सुरु गरिएको यस उडानले हिमालयन एअरलाइन्स्को दुई राष्ट्का नागरिक- नागरिक बीचको सम्बन्धलाई मजबुत बनाउने, पर्यटन र व्यापारलाई प्रवर्धन गर्ने उद्देश्यलाई प्रोत्साहन गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

नयाँ रुटको परिचयसँगै हिमालयले उच्च सुरक्षा मापदण्ड कायम गर्दै यात्रुहरूका लागि अविस्मरणीय यात्रा अनुभवहरू सिर्जना गर्ने लक्ष्य राखेको प्रवक्ता श्रेष्ठले जनाउनु भयो । उहाँले भन्नुभयो "हिमालयको मुख्य उद्देश्य चीनका विभिन्न १० पर्यटकीय क्षेत्रमा उडान सञ्चालन गर्ने र १० लाख चिनियाँ पर्यटकलाई नेपालमा स्वागत गर्ने हो, हिमालय एअरलाइन्स्ले सधैं चीनमा नयाँ नयाँ गन्तव्यहरू खोज्दै आएको छ ।" क्षेत्रीय सञ्जाल बिस्तार गर्ने तयारी गरेको कम्पनीले नयाँ रुटको उडान मार्फत हिमालय एअरलाइन्स्ले नेपाल र चीन बीचको हवाई सम्पर्कलाई सुदृढ गर्ने लक्ष्य राखेको छ भने उक्त उडान एअरलाइन्स्का लागि एउटा महत्वपूर्ण कोसेढुङ्गा सावित हुने कम्पनीले विश्वास लिएको छ।

काठमाडौँ-ल्हासा-पोखरा-ल्हासा-काठमाडौँ सेक्टर जोड्न तथा मागको आधारमा आगामी दिनमा उडानहरू थप्ने योजना सहित हाल हप्तामा एउटा उडान सञ्चालन गर्ने भएको हो । प्रारम्भिक योजना अनुसार काठमाडौँ-ल्हासा उडान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थानीय समय अनुसार मार्च ३१, २०२५ मा बिहान ८:३० बजे उडान भर्ने र सोही दिन चीनको स्थानीय समय अनुसार १२:०५ बजे ल्हासागोङ्गर विमानस्थलमा पुग्ने भएको छ । त्यसैगरी, ल्हासा-पोखरा उडानले ल्हासागोङ्गर विमानस्थलबाट स्थानीय समय अनुसार मार्च ३१, २०२५ मा १३:१५ बजे उडान भर्ने र सोही दिन नेपाली स्थानीय समय अनुसार १२:४५ मा पोखरा अवतरण गर्ने भएको छ।

यसैगरी, ऐतिहासिक पोखरा-ल्हासा उडान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अप्रिल ०१, २०२५ मा स्थानीय समय अनुसार बिहान ८:२० मा प्रस्थान गरी सोही दिन चीनको स्थानीय समय अनुसार १२:०५ बजे ल्हासागोङ्गर विमानस्थलमा पुग्ने कम्पनीले प्रेस विज्ञेप्ति मार्फत जानकारी गराएको छ । त्यसैगरील्हासा-काठमाडौँउडानले ल्हासागोङ्गर विमानस्थलबाट अप्रिल०१, २०२५, मा स्थानीय समय अनुसार १२:३० मा प्रस्थान गरी सोही दिन नेपाली स्थानीय समय अनुसार १२:०५ मा काठमाडौँ अवतरण गर्नेछ।

हिमालय एअरलाइन्स ्आफ्नायात्रुहरूलाई गुणस्तरीय सेवा र सुरक्षित यात्राको अनुभवप्रदान गर्न सदैव प्रतिबद्ध रहेको कम्पनीले जनाएको छ। यो मार्गमा उडान शुभारम्भ भएसँगै सुस्त ग्रीष्मकालीन सिजनमा पनि पर्यटन बढ्ने अपेक्षा गरिएको छ।

## गण्डकी प्रदेशका सामाजिक मन्त्री र भारतको पुदुचेरी सरकारका पदाधिकारीबीच भेटवार्ता

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन



गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापा र भारतको पुदुचेरी सरकारका उच्च पदाधिकारीहरू बीच भेटवार्ता भएको छ।

सोमबार मन्त्रालयमा नै पुदुचेरी सरकारका सार्वजनिक निर्माण, पर्यटन तथा नागरिक उड्डयन, माछापालन तथा माछा व्यवसाय कल्याण, कानून, सूचना प्रविधि तथा मुद्रण विभागका मन्त्री माननीय के.लक्ष्मीनारायणन, उपसभामुख पी.राजवेलु र पुदुचेरी विधानसभाका सचिव जे.दयालन लगायतको टोलीसँग भेटवार्ता भएको हो । भेटवार्ताका क्रममा पर्यटन प्रवर्द्धन, खेलकुदको विकास, सामाजिक क्षेत्र सुधार तथा सूचना प्रविधिमा सहकार्यका सम्भावनाहरूबारे छलफल भएको छ। गण्डकीका मन्त्री थापाले पुदुचेरीको पर्यटन विकास र प्रशासनिक व्यवस्थापनका अनुभवहरूबाट सिक्ने अवसर रहेको बताउँदै दुवै प्रदेशबीच आपसी अनुभव आदानप्रदान गर्नुपर्नेमा जोड दिएका छन् । पुदुचेरीका मन्त्री लक्ष्मीनारायणनले दुई प्रदेशबीच पर्यटन, खेलकुद, सामाजिक विकास तथा प्रविधि क्षेत्रमा सहकार्यका ढोका खोल्न सकिने बताए। यस भेटवार्ताले भविष्यमा गण्डकी प्रदेश र पुदुचेरी सरकारबीच सम्बन्धलाई अझ प्रगाढ बनाउने अपेक्षा गरिएको छ । गण्डकीका मन्त्री थापाले यो भेटवार्ता फलदायी भएको उल्लेख गर्दै आगामी दिनहरूमा थप सहकार्यका सम्भावनाहरू खोज्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

सुत्केरीको स्वास्थ्यमा ध्यान पुऱ्याऔं

- गर्भावस्थामा कम्तिमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसुति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेवित्तिकै विगौती दुध खुवाऔं,
- छ महिनासम्म आमाको दुधमात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिकाअनुसार बालवालिकालाई सबै खोप लगाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## गोरखामा सवारी दुर्घटना हुँदा एकको मृत्यु, १४ घाइते


**पोखरापत्र संवाददाता**
गोरखा, १९ फागुन

गोरखामा सोमबार माइक्रोबस दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन्।

मनकामना मन्दिरको दर्शन गरेर फर्कदै गरेको 'अनटेष्ट' लेखिएको विद्युतीय माइक्रोबस सहिद लखन गाउँपालिका-३, स्थित कान्टारमा बिहान दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) इन्द्रप्रसाद सुवेदीले जानकारी दिनुभयो।

दुर्घटनापरेर मृत्यु हुनेमा चितवन जिल्ला खैरहनी गाउँपालिका-२, टाँडीपर्सा घर भएका ३७ वर्षीय पदमबहादुर दर्जी रहेको उहाँले बताउनुभयो । दुर्घटनामा घाइते दर्जीको आँबुखैरेनी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको डिएसपी सुवेदीले बताउनुभयो । बिहान करिब ११:२५ बजे कच्ची सडकबाट माइक्रो करिब १५ मिटर तल खोँचमा थियो।

दुर्घटनामा १४ जना घाइते भएका छन् । घाइते हुने सोही ठाउँका ५० वर्षीया हरिकला परियार, २९ वर्षीया गीता परियार, १० वर्षीय रितेश परियार, १३ वर्षीया सन्ध्या परियार, २५ वर्षीया रुपा परियार, २० वर्षीया सञ्चिता आले, ३५ वर्षीया प्रमिला राना, ४३ वर्षीया विमला परियार हुनुहुन्छ। अन्य घाइतेमा ३१ वर्षीय राजु परियार, १८ वर्षीया सुवना परियार, २१ वर्षीय अभिषेक परियार, २६ वर्षीया अनिसा परियार र ३६ वर्षीय अर्जुन परियार रहेको डिएसपी सुवेदीले जानकारी दिनुभयो। घाइतेहरूको आँबुखैरेनी अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनाको कारण भने खुल्न सकेको छैन। घटनाका सम्बन्धमा अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ।



# जिसस गण्डकीका पदाधिकारीलाई क्षमता बिकास तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजना तथा जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिको समन्वयमा गण्डकी प्रदेशका ११ जिल्लाका पदाधिकारी तथा सदस्यहरूको लागि दुई दिने क्षमता बिकास तालिम सोमबार पोखरामा शुरु भएको छ।



तालिमको जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो । पौडेलले समन्वय र अनुगमनलाई थप सहयोग र सहजीकरण सहित क्षमता बिकास गर्ने उद्देश्यले बिगत तीन बर्षदेखि लगातार तालिम आयोजना गरिएको भन्दै प्रभाबकारी र सक्रियताका साथ सहभागी हुन आग्रह गर्नुभयो । पौडेलले क्षमताको बिकास निरन्तर हुनुपर्ने बन्दै समयानुकूल परिमार्जित र परिश्कृत तवरले कार्य सम्पादनमा तालिम फलदायी हुने बिश्वास व्यक्त गर्नुभयो।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले प्रतिष्ठानको स्थापना कालदेखि करिब १८ हजार कर्मचारी र जनप्रतिनिधिलाई क्षमता बिकासका तालिम संचालन गरिएको जानकारी दिदै तालिम प्रभाबकारी कार्यक्षमतामा उपयोगी भएको उल्लेख गर्नुभयो।

प्रशिक्षणमा जिल्ला समन्वय समितिको काम कर्तब्य र अधिकार सम्बन्धि ब्यबस्था र यसको कार्यान्वयनको अवस्था ,अनुगमन तथा मुल्यांकन सम्बन्धि कानुनी ब्यबस्था बिकास र यसमा आएको परिबर्तन र जिससको भुमिका, स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया र जिससको भुमिका, शासकीय क्षमता अभिबृद्धीका आयामहरू र जिसस को भुमिका, सुशासनका औजारहरू, अनुगमन तथा मुल्यांकनका औजारहरू स्थानिय आर्थिक बिकासको अबधारणा र जिसस को भुमिका बिषयमा प्रशिक्षण प्रदान गरिने जनाइएको छ।

गण्डकी प्रदेशका ११ जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, उप प्रमुख सहित सदस्यहरू सहभागी प्रशिक्षणमा नेपाल सरकारका पूर्ब सचिबद्वय काशिराज दाहाल र रेश्मीराज पाण्डे सहितले सहजीकरण गर्नुभएको छ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा स्वागत प्रतिष्ठानका उप -सचिब नारायण प्रसाद पौडेलले र संचालन शाखा अधिकृत जित बहादुर रानाले गर्नुभएको थियो।

# महायज्ञमा भक्तजनको घुइचो,सोमबार एकैदिन ४० लाख संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

सराङकोटमा जारी श्रीमद् भागवत् ज्ञानमहायज्ञ एवम् धार्मिक पर्यटन महाउत्सव अन्त्यतिर आइरहदाँ भक्तजनको सहभागिता एवम् दान रकम हवातै बढेको छ।



महायज्ञको छैटौं दिन सोमबार करिव २० हजार भक्तजनले यज्ञ अवलोकन गर्नुभएको छ ।त्यहाँ आजमात्रै ४० लाख बढी दान संकलन भएको महायज्ञका कोषाध्यक्ष शिव कोइरालाले जानकारी दिनुभयो।योसँगै हालसम्म यज्ञमा रु.१ करोड ५३ लाख बढी दान संकलन भएको छ। सोमबार त्यहाँ सय बढी आमा समूह, टोल विकास संस्था तथा अन्य संघसंस्थाले सहयोग गर्नुभएको छ । पोखराका विभिन्न वडा, छिमेकी पालिका, पर्वत, तनहुँ एवम् धादिङबाट समेत विभिन्न संघसंस्था सराङकोट धाम पुगी दान गर्नुभएको हो । दान लिन तथा भक्तजनको व्यवस्थापन गर्न आयोजकलाई हम्मेहम्मे पर्यो।यसअघि महायज्ञ स्थल तथा धाम गरी २ ठाउँबाट दान संकलन गर्ने गरिएकोमा सोमबार सचिवालयबाट समेत गरी ३ स्थानबाट दान संकलन भयो। भक्तजनको उल्लेख्य सहभागिता हुदाँ केबलकारमा दिनभर जसो ओहोरदोहोर चलि नै रहयो । सराङकोट निकै रमाइलो छ, यो जिउँदै स्वर्गको अनुभव गर्ने ठाउँ हो, त्यहाँ पुगेपछि जो कोहीको मन पनि लोभिन्छ र आकर्षित हुन्छ ।सोमबार यज्ञ स्थलमा भेटिनुभएकी पोखरा १६ बाटुलेचौर स्थित मैदान आमा समूहकी सदस्य अञ्जु थापाले भन्नुभयो ।रमाइलो मात्र होइन, बेस्सरी रमाइलो भयो आज सराङकोट धाममा । यज्ञमा सोमबार पोखरा १८ निवासी गौमती जिसी परिवारले रु.३ लाख ४८ हजार ९ सय ९९, पोखरा न्यूरोड निवासी तीर्थबहादुर उर्मीला बस्नेत परिवारले रु.२ लाख ३३ हजार ३ सय ३३, त्यस्तै पोखरा ८ निवासी कृष्णबहादुर कुँवर परिवारले पनि समान रु.२ लाख ३३ हजार ३ सय ३३ दान गर्नुभएको छ। त्यस्तै पोखरा १८ निवासी रमेश सुशिला थापा परिवारले रु.१ लाख ११ हजार १ सय ११, बालहितकारी परियोजना पोखरा १५ नयाँगाउँले रु.१ लाख १ हजार १ सय ११, पुन समाज नदीपुरले रु. ५३ हजार १ सय ११, पोखरा १८ मेथलाङका गोविन्द तथा ईश्वर गौतम परिवारले रु.५१ हजार १ सय ५५, पोखरा १८ तोरीपानीकी सुमित्रा तिमिल्सीनाको परिवारबाट रु.५१ हजार १ सय ५५, पोखरा २२ पुग्दीभुम्दी निवासी चन्द्रकान्त वराल परिवारबाट रु.५१ हजार दान प्राप्त भएको प्रचारप्रसार उपसमिति संयोजक कृष्ण थापाले जानकारी दिनुभयो । यज्ञलाई सम्बोधन गर्नुहुँदै पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले सराङकोट पवित्र भूमि भएको चर्चा गर्नुहुँदै त्यहाँको बृद्धि विकासमा महानगरपालिका प्रयत्नशील रहेको सुनाउनुभयो ।उहाँले धार्मिक पर्यटकीय क्षेत्र अर्न्तगत आगामि दिनमा विश्व बैकको सहयोगमा सराङकोटमा विभिन्न संरचना निर्माण हुने स्पष्ट पनि पार्नुभयो । महायज्ञ सुरुका दिनको तुलनामा व्यवस्थित बन्दै गइरहेको छ ।प्रसाद वितरणमा दिनभरजसो युवाहरु खटिरहनुभएको छ ।पक्कै पनि यो यज्ञ सफलताउन्मुख छ भन्ने हामीलाई लागेको छ, युवा परिचालन उपसमिति संयोजक बलराम तिमिल्सीनाले आफ्ना अनुभव सुनाउनुभयो ।यज्ञ अर्न्तगत सोमबार वडाध्यक्ष शिवप्रसाद तिमिल्सीनाले स्थानीय चण्डी मन्दिरको उद्घाटन पनि गर्नुभयो । सराङकोटमा वि.स २०६१ सालदेखि गुरुयोजना बनाई विभिन्न संरचना निर्माण गरिएको छ । हालसम्म विशाल शिव मन्दिर, नेपालकै पहिलो विशाल पञ्चमुखी गणेश मूर्ति, १०८ शिवलिङ्ग, १०८ धारा, भ्यू टावर, बहुउद्देश्यीय भवन, भूमे कालिका तथा भैरव मन्दिर, स्वागतद्वार निर्माण भइसकेका छन्। ती संरचना निर्माणमा हालसम्म ३५ करोड बढी खर्च भइसकेको छ ।त्यहाँ अझै १५ करोडका संरचना निर्माण गर्ने समितिले लक्ष्य राखेको छ।

# सिद्धार्थ विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा बराल

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

पोखरा महानगरपालिका १३ आर्वा स्थित श्री सिद्दार्थ आधारभुत विद्यालयमा हालै नयाँ विद्यालय व्यवस्थापन समिति गठन गरेको छ।



विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा गिरीराज बराल चयन भएका छन्।

सदस्यहरुमा क्रमश भोजराज बराल, केश बहादुर तामाङ, सरिता परियार, वडा प्रतिनिधी रजनी परियार, बिमा परियार, मिना बि क, शिक्षक प्रतिनीधि किरणमणी आधिकारी र सदस्य सचिव अम्बिका बराल क्षेत्री रहेका छन्।

# कठिन ...

कोइरालाले पुस्तक अध्ययनबाट प्रधानमन्त्री ओलीको मुटु जस्तै हृदय पनि विशाल रहेछ भन्ने महसुस भएको बताउनुभयो। कलाकार प्रकाश सपूतले विभिन्न बहाना देखाएर पछि हट्ने युवा पुस्ताको बानी व्यहोरालाई सच्याएर प्रगतिका लागि अघि बढ्न प्रधानमन्त्री ओलीको जीवन प्रेरणादायी रहेको धारणा राख्नुभयो । त्यस अवसरमा वरिष्ठ पत्रकार कनकमणि दीक्षित, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकाललगायतले प्रधानमन्त्री ओलीको व्यक्तित्व र कृतिमाथि केन्द्रित रहेर धारणा राख्नुभएको थियो। पुस्तकका लेखक पत्रकार गणेश पाण्डेले समाजका विभिन्न क्षेत्रका व्यक्तिले प्रधानमन्त्री ओलीलाई हेर्न दृष्टिकोण तथा उहाँको नेतृत्वमा मुलुकले हाँसिल गरेको विकास र समृद्धिका यात्रासम्बन्धी विषय अन्तर्वार्तामा केन्द्रित रहेर तयार गरेको बताउनुभयो।

# देशलाई समृद्ध बनाउन राजनीतिलाई आर्थिक क्रान्तिसँग जोड्नुपर्छ : महासचिव चन्द

**रासस**
काठमाडौं, १९ फागुन

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव)ले देशलाई समृद्ध बनाउनका लागि राजनीतिलाई आर्थिक क्रान्तिसँग जोड्नुपर्ने बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी सुर्खेतद्वारा सोमबार वीरेन्द्रनगरमा आयोजित 'पत्रकार सम्मेलन' मा उहाँले कृषि तथा आर्थिक क्रान्तिबाट आत्मनिर्भर मुलुक निर्माण अबको मूल सवाल भएको बताउनुभयो । उत्पादनसँग जोडिएको पार्टीको अभियानअन्तर्गत सल्यान, रूकुम, रोल्पा, जुम्ला, कालीकोट, दैलेख हुँदै एक महिनाको अवधिमा सुर्खेत आई पुग्नुभएका उहाँले गफ चुट्ने नेताबाट देशको रूपान्तरण सम्भव नभएको तर्क गुर्नभयो। उहाँले भन्नुभयो, "उत्पादनविनाको सुखभोग गर्नु कि भ्रष्टाचार हो कि त भने शोषण गर्नु नै हो। अब उत्पादन अभियानमा जोडिनुको विकल्प छैन । हरेकले पहिलो आफ्नो पार्टी, नेता, कार्यकर्ता आत्मनिर्भर बनाउँ अनि मात्र जनतालाई गएर उत्पादनमूलक कार्यमा जोडौँ । विदेशी एवं दातृ निकायहरूसँग ऋण लिने वा भिख मागेर देश समृद्ध बन्न सक्दैन।" उहाँका अनुसार कर्णालीका डाँडापाखा ढाकिने गरी स्याउ तथा अन्य कृषि कार्य गर्न सकिन्छ तर अचेल कम्युनिष्ट नेतामा आवारा प्रवृत्ति बढ्दै गएको छ। नेता विप्लवले भन्नुभयो, "जनतामा जाँदा हरेकले माओवादी एक हुनुपर्ने इच्छा व्यक्त गरेको पाइयो।" उपयोग र निषेधवादी नीतिबाट नभई रूपान्तरणकारी सोच र उद्देश्यबाट माओवादी तथा कम्युनिष्ट एकता हुने र त्यो सम्भव रहेको महासचिव चन्दले बताउनुभयो । राजनीतिक गर्नेले श्रम गर्नुपर्ने भन्दै उहाँले जुम्लामा ७०० स्याउका बिरूवा रोप्नाका साथै कालीकोटमा भेडा फार्म उद्घाटन गरिएको जनाउनुभयो।

# जनप्रियमा अनेरास्ववियुबाट आविष्कार स्ववियु सभापतिको उम्मेद्वार

**पोखरापत्र संवाददाता**
पोखरा, १९ फागुन

नेकपा (एमाले)निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)ले पोखरास्थित जनप्रिय बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को सभापति पदका उम्मेद्वार घोषणा गरेको छ।




पार्टी जिल्ला कमिटी सचिव दर्शन लामाको प्रमुख आतिथ्यतामा सोमबार क्याम्पस गेटमा आयोजित कार्यक्रममा पार्टी जिल्ला कमिटी सदस्य एवं विद्यार्थी इलाका इन्चार्ज महेन्द्र उपाध्याय (मन्नु)ले उम्मेद्वार घोषणा गरेका हुन्। आगामी ५ चैतमा हुने निर्वाचनका लागि अनेरास्ववियुबाट संगठनका क्याम्पस कमिटी संयोजक आविष्कार केसी सभापति लड्ने इन्चार्ज पौडेलले सार्वजनिक गरे । प्रत्यक्ष निर्वाचन हुने सचिव, कोषाध्यक्ष र सदस्यका उम्मेद्वारको नाम मनोनयन दर्ताअघि घोषणा गरिने अनेरास्ववियु क्याम्पस कमिटी सचिव सचिन अधिकारीले जानकारी दिए । स्ववियु कार्यसमितिका उपाध्यक्ष, सहायक सचिव र केही सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट चुनिने छन् । उम्मेद्वार सार्वजनिक कार्यक्रममा बोल्दै एमाले कास्की सचिव दर्शन लामाले अनेरास्ववियुलाई निर्वाचनमा पराजित हुने छुट नरहेको बताए । विद्यार्थीको मुद्दा उठाउँदै आएकाले अनेरास्ववियुमा विद्यार्थीको आकर्षण देखिएको उनको भनाइ थियो । उम्मेद्वार घोषणापछि केसीलाई शुभकामना दिन एमाले कास्की अध्यक्ष बैनबहादुर अधिकारी, उपसचिव लालबहादुर परियार, एमाले कास्कीका पूर्वउपाध्यक्ष तेजनारायण अधिकारी, एमाले नेतृ एवं पोखरा-१७ की वडाध्यक्ष राधिका शाही योगी, अनेरास्ववियु केन्द्रीय सदस्य विनय पराजुली, अनेरास्ववियु प्रदेश उपाध्यक्ष विश्वदर्शन पराजुली, कास्की जिल्ला अध्यक्ष सन्तोष पोखरेललगायत जनप्रिय क्याम्पस गेट पुगेका थिए।

त्रिवि स्ववियुअन्तर्गत सोमबार क्याम्पसहरूमा विद्यार्थी संगठन दर्ता भएका छन् । स्ववियु निर्वाचनअन्तर्गत प्रत्यक्ष र समानुपातिक दुवै तर्फको उम्मेदवारको मनोनयन पत्र नामावली दाखिला गर्ने समय २७ फागुनका लागि तोकिएको छ। दुवै तर्फको उम्मेदवारको अन्तिम नामावली २९ फागुनमा सार्वजनिक गरिने छ। ५ चैतमा बिहान ८ बजेदेखि दिनको ४ बजेसम्म मतदान हुने कार्यतालिका छ। जनप्रिय बहुमुखी क्याम्पसमा करिब ३ हजार ५ सय विद्यार्थी छन् । क्याम्पसले बुधबार मतदाता नामावली प्रकाशन गरेपछि क्याम्पसमा कति सदस्यीय समिति बन्ने भन्ने तय हुनेछ। हाल विद्यार्थी संख्याअनुसार मतदाता नामावलीको संख्या आएमा जनप्रियमा १९ सदस्यीय समिति बन्ने छ। त्यसमा दुई पदाधिकारीसहित १० जना समानुपातिक र तीन पदाधिकारीसहित ९ जना प्रत्यक्षतर्फका हुनेछन् । समानुपातिक सदस्य निर्वाचित भएकामध्येबाट उपाध्यक्ष र सहायक सचिव निर्वाचित हुन्छन्।

# केपी ओली कप फुटबलमा मछिन्द्रको ह्याट्रिक

**रासस**
काठमाडौं, १९ फागुन

विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई हराउँदै मछिन्द्र फुटबल क्लबले तेस्रो केपी ओली कप पुरुष फुटबल च्याम्पियनसिपमा ह्याट्रिक गरेको छ।




सोमबार भएको फाइनल खेलमा मछिन्द्रले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई २-० गोलअन्तरले पराजित गरेको हो।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सम्पन्न फाइनल खेलको पहिलो हाफमा १-० गोलको अग्रता लिएको मछिन्द्रले दोस्रो हाफमा थप अर्को गोल गर्दै आर्मीलाई २-० गोलअन्तरले हराउन सफल भयो । जितसँगै मछिन्द्रले रु १५ लाख ११ हजार एक सय ११ तथा उपविजेता आर्मीले रु पाँच लाख पुरस्कार प्राप्त गरेको छ। खेलको पहिलो हाफको २९औँ मिनेटमा एन्ड्रेस नियाको पासमा आर्मीका विमल पाण्डेले आफ्नै पोष्टमा आत्मघाघी गोल गर्न पुगेका थिए। योसँगै मछिन्द्रले १-० गोलको अग्रता लिएको थियो। यस्तै दोस्रो हाफमा मछिन्द्रले खेलको ७२औँ मिनेटमा दोस्रो गोल गऱ्यो । मल्लिक युसुफले दिएको पासमा स्टेफन जमाहा जालीले गोल गरेका थिए। यसअघि मच्छिन्द्रले पहिलो खेलमा भुटानको ट्रान्सपोर्ट युनाइटेडलाई १-० गोलले तथा सेमिफाइनलमा आयोजक केपी ओली एफसीलाई ४-० गोलअन्तरले हराएको थियो । यस्तै आर्मीले भने पहिलो खेलमा नेपाल पुलिस क्लबलाई २-० गोलले तथा सेमिफाइनलमा सङ्कटा क्लबलाई २-१ गोलअन्तरले हराएको थियो । मछिन्द्र र आर्मीबीचको फाइनल खेल हेर्न प्रधानमन्त्री केपी शर्मा ओली श्रीमती राधिका शाक्यका साथमा दशरथ रङ्गशाला पुग्नुभएको थियो। फाइनल खेल हेर्न इटालियन फुटबल टोलीका पूर्व कप्तान तथा गोलरक्षक जियानलुइजी बुफोन प्रमुख अतिथिका रुपमा उपस्थित हुनुभएको थियो। रङ्गशाला दर्शकले खचाखच भरिएको थियो । खेल सुरु हुनुअघि कलाकारहरुले साङ्गीतिक प्रस्तुति समेत पस्किएका थिए। राष्ट्रिय युवा सङ्घ नेपालको आयोजनामा केपी ओली कप फुटबल च्याम्पियनसिप यही फागुन ११ गतेदेखि सुरु भएको हो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनाबारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# कम्युनिस्ट एकताको वहस

नेपालको कम्युनिस्ट आन्दोलन गुट फुटबाट गुज्रिएको छानेकपाको पहिलो महाधिवेशनमै गुटबन्दी भएको थियो । दोस्रो महाधिवेशनबाट निर्वाचित महासचिव राजा महेन्द्रको निरंकुश कदमको समर्थन गरेपछि विभाजनको विजारोपण भएको हो। तेस्रो महाधिवेशनपछि त विभाजन मात्र भएन कमजोर बनायो । विभिन्न गुटमा रहेका कम्युनिस्टलाई एकताबद्ध बनाउने प्रयास २०३५ सालपछि नेकपा मालेले गरेको हो।एउटा धारको नेतृत्व अहिलेको नेकपा एमालेले गरेको छ । अर्को धारको नेतृत्व नेकपा माओवादी केन्द्रले गरेको छ। शान्तिपूर्ण जनआन्दोलनको बलमा परिवर्तन हुन्छ भन्ने एमाले र सशस्त्र संघर्षबाट परिवर्तन हुन्छ भनेर जनयुद्ध गरेको माओवादी केन्द्र एउटै पार्टी बनाउन तयार भए । एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डले एउटै कम्युनिस्ट पार्टी बनाउन आँट गरे । तीन वर्ष एउटै पार्टी बनाएर भत्न थाले।बलियो कम्युनिस्ट पार्टी बनेको नरुचाउनेलाई नेकपा विभाजन भयो ।विभाजनका कारण कम्युनिस्ट समर्थक निराश हुन नदिन सके एकता नसके कार्यगत एकताको ग्यारेन्टी हुनुपर्ने आवाज उजागर भएको छापूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले कम्युनिस्ट आन्दोलनलाई पुनः एकताुबद्ध गर्न प्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई सुझाव दिएकी छन् ।

सोमबार 'केपी शर्मा ओलीः सपना, संघर्ष र संकल्प' पुस्तक लोकार्पण कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वराष्ट्रपति भण्डारीले यसअघि पनि कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउन प्रधानमन्त्री ओलीले भूमिका खेलेको र आगामी दिनमा पनि त्यसमा लाग्न सुझाएकी छन । राजनीतिक दलले जस्तोसुकै कठिन परिस्थितिमा पनि लोकतान्त्रिक मूल्य, मान्यता र आदर्शलाई गहिरोसँग आत्मसाथ गर्नुपर्ने भण्डारीको भनाइ थियो । उनले बहुलवाद र बहुदलीय प्रतिस्पर्धालाई उच्च प्राथमिकता दिएर राजनीतिक श्रेष्ठताबाट नै सरकारको नेतृत्वमा पुग्ने र सामाजिक आर्थिक रूपान्तरण गर्ने लक्ष्य लिएको एमालेलाई कुनैपनि राजनीतिक घटना तथा परिघटनाले विचलित तुल्याउन नसक्ने बताइन् ।

पार्टीसँग जनआधारित, अनुशासित एवं समर्पित कार्यकर्ता र सदस्यको व्यापक बिस्तारित पंक्ति अनुभवी, संयमित र दृढ संकल्पित नेतृत्व तह र समृद्धि हासिलमा मार्ग दर्शन गर्ने अनुबोधित मौलिक सिद्धान्त छ,' भण्डारीले भनिन्, 'मुलुकको राजनीति, सामाजिक तथा आर्थिक परिवर्तन गर्न प्रधानमन्त्री ओली अध्यक्ष रहनुभएको पार्टी नेकपा एमालेको महत्त्वपूर्ण योगदान रहँदै आएको छ ।

अध्यक्ष ओलीले एमालेको आन्तरिक जीवनलाई लोकतान्त्रिककरण गर्न, कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउन तथा उत्पन्न हुने गुट र फुटलाई परास्त गरेर पार्टीलाई सुदृढ बनाउन निर्वाह गर्नुभएको ऐतिहासिक भूमिकाको म सराहना गर्दछु । भविष्यमा समेत यस किसिमका रचनात्मक पहलकदमी र अग्रसरता कायम राख्दै नेपाली कम्युनिस्ट आन्दोलनलाई थप एकताबद्ध बनाएर सफलताको अर्को सिँढी उकाल्न ओलीबाट ठूलो योगदान पुग्ने नै छ ।' २०७४ को प्रतिनिधिसभा निर्वाचनताका एमाले र माओवादीबीच एकता भएको थियो । त्यो एकतापछि नेपाल कम्युनिस्ट पार्टी गठन भई प्रतिनिधिसभामा झन्डै दुई तिहाई बहुमत प्राप्त भएको थियो भने प्रधानमन्त्रीमा ओली निर्वाचित भएका थिए । नेकपामा विवाद आएपछि पार्टी फुटेको थियो । आवश्यकताअनुसार व्यवहारमा अधिकतम लचकता अपनाएर निर्धारित लक्ष्यमा पार्टी, समाज र मुलुकलाई अग्रगतितर्फ लैजाने खुबी प्रधानमन्त्री ओलीमा रहेको हुँदा फेरि एकताको पहल गर्नु देश र जनताको हितमा हुनेछ ।

# जन्मदर्ता प्रोत्साहन गर्न आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
वालिङ, १९ फागुन

जन्मदर्ता प्रोत्साहन गर्न भिरकोट नगरपालिका-८ ले बच्चा जन्मेपछि खाता खोलेर रु पाँच हजार जम्मा गरिदिने अभियान थालेको छ । वडा कार्यालयले चालु आर्थिक वर्षदेखि अभियान थालेको हो ।

बच्चा जन्मेपछि ८ नं वडा कार्यालयमा जन्मदर्ता गर्ने सबै नवजात शिशुहरुका लागि लागू हुने गरी वडा कार्यालयले पाँच हजार र अभिभावकले पाँच हजार गरी कुल १० हजार खातामा जम्मा गरिदिने वडा अध्यक्ष नन्दलाल खनालले बताउनुभयो । शिशुको खातामा जम्मा भएको रकम बच्चाको उमेर १८ वर्ष पूरा भएपछि मात्र अभिभावकले परिवारले निकाल्न पाउने व्यवस्था गरिएको उहाँले बताउनुभयो । चालु आर्थिक वर्षको साउनदेखि हालसम्म वडा कार्यालयमा ३१ जना बालबालिकाको जन्मदर्ता भएको छ । खाता खोल्ने अभियानसँगसँगै वडा कार्यालयले भालेसहित सुत्केरी भेटघाट, न्यानो भोटो वितरणजस्तालाई निरन्तरता दिएको छ । "सुनौला हजार दिनका आमा र शिशुको स्वास्थ्य तथा पोषणमा ध्यान दिँदै वडाका जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीहरु घर-घरमा पुग्छौं," उहाँले भन्नुभयो, "स्वास्थ्यसम्बन्धी परामर्श पनि दिने गरेका छौं ।"

# पर्वतको जलजलामा दश शैयाको अस्पताल निर्माण

**पोखरापत्र संवाददाता**
पर्वत, १९ फागुन

जलजला गाउँपालिका-३ मल्लाज माझफाँटको भुरतुलामा १० शय्याको अस्पताल भवन निर्माण अन्तिम चरणमा पुगेको छ ।

'एक पालिका, एक अस्पताल' कार्यक्रमअन्तर्गत जलजला गाउँपालिकाले मल्लाज स्वास्थ्य चौकी परिसरमा तीन वटा पक्की भवन निर्माण गरेको हो । भवनको ९५ प्रतिशत निर्माण कार्य पूरा भएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो । भवनको लागत मूल्यअभिवृद्धि करसहित रु नौ करोड ७३ लाख ६४ हजार ८१३ छ । पालिकालाई भवन हस्तान्तरण भएपछि सङ्घीय सरकारको सहयोगमा उपकरण र जनशक्ति व्यवस्थापन गरी अस्पताल सञ्चालन गर्ने योजना उपाध्यक्ष आचार्यले सुनाउनुभयो । अस्पताल सञ्चालन भएपछि जलजला गाउँपालिकाको १, २, ३, ४, ५ र ६ नम्बर वडामा पर्ने बाँसखर्क, माझफाँट र लेकफाँट, शालिजाका बासिन्दाका साथै आसपासका क्षेत्रका सर्वसाधारण लाभान्वित हुनेछन् ।

# सगरमाथा संवादको तयारी तीव्र गतिमा

**रासस**
काठमाडौं, १९ फागुन

जलवायु परिवर्तनका विषयमा पर्वतीय र तटीय मुलुकले झेल्नु परेका समस्या विश्व समुदायसमक्ष प्रस्तुत गर्ने उद्देश्यले आगामी जेठ २ देखि ४ गतेसम्म 'जलवायु परिवर्तन, पर्वतीय र मानव जीवनको भविष्य' शीर्षकमा यहाँ आयोजना हुने 'सगरमाथा संवाद' को तयारी तीव्र गतिमा प्रारम्भ भएको छ ।

संवादको तयारीका लागि गठित व्यवस्थापन समितिको आइतबारको पहिलो बैठकले पर्वतीय र तटीय क्षेत्रमा अवस्थित देशका राष्ट्र तथा सरकार प्रमुख, जलवायु अनुसन्धानको क्षेत्रमा काम गर्ने विज्ञ, राष्ट्रिय अन्तरराष्ट्रियस्तरका निजी क्षेत्रका प्रतिनिधि, विषयविज्ञ तथा समाजमा प्रभाव पार्न सक्ने व्यक्तित्वलाई आमन्त्रण गर्ने निर्णय गरेको छ । परराष्ट्रमन्त्री डा आरजु राणा देउवा संयोजकत्वको समितिले संवादका लागि पूर्वाधारको व्यवस्था तथा कार्यक्रमको प्रारुप तयार पारेको संवादका सम्पर्क व्यक्ति वन मन्त्रालयका सहसचिव महेश्वर ढकालले बताउनुभयो । समितिले विभिन्न क्षेत्रका १६ जना विज्ञ सम्मिलित विज्ञसमूह गठन गर्ने, परराष्ट्र मन्त्रालयका सहसचिवको संयोजकत्वमा प्रचार प्रसार तथा समन्वय समिति गठन गर्ने निर्णय गरेको छ । बैठकले जलवायु परिवर्तनका प्रभाव घटाउन भएका असल अभ्यासको प्रदर्शनका लागि साझेदार संस्थालाई आग्रह गर्ने निर्णय गरेको छ ।

सहसचिव ढकालका अनुसार प्रदेशस्तरमा पनि संवाद गर्ने, बालबालिका तथा युवाका विषयमा पूर्वतयारी संवाद गर्ने, संवादका लागि आवश्यक कर्मचारी परराष्ट्र र वन मन्त्रालय तथा मन्त्रिपरिषद्को कार्यालयले खटाउने र संवादको सचिवालयलाई क्रियाशील बनाइने छ ।

# गोरखाका आठ स्थानमा विद्युत् आयोजनाको सर्वेक्षण

**पोखरापत्र संवाददाता**
गोरखा, १९ फागुन

जिल्लाका विभिन्न आठ स्थानमा जलविद्युत् आयोजना विकासका निम्ति सर्वेक्षण थालिएको छ ।

विद्युत् विकास विभागले छ वटा नदी तथा खोलाबाट विद्युत् उत्पादन गर्न आठवटा कम्पनीलाई सर्वेक्षण अनुमति दिएसँगै उनीहरुले सर्वेक्षण थालेका हुन् । बूढीगण्डकीमा विद्युत् उत्पादन सर्वेक्षणका लागि दुई कम्पनीले अनुमति पाएका छन् । प्रोकमा ९३ मेगावाट क्षमताको 'बूढीगण्डकी प्रोक-१ जलविद्युत् आयोजना' निर्माणका लागि चिलिमे हाइड्रोपावर कम्पनीलाई सर्वेक्षण अनुमति दिइएको हो । चालु आर्थिक वर्षभित्र सर्वेक्षण पूरा गर्न दुवै कम्पनी सर्वेक्षणमा जुटेका छन् । चुन्चेत र सिर्दिबासमा २०३ मेगावाट क्षमताको ' माथिल्लो बूढीगण्डकी जलविद्युत् आयोजना' निर्माणको अनुमित नबिल डेभ्लोपर्सले पाएको छ । मर्स्याङ्दीबाट ९० मेगावाट जलविद्युत् निकाल्न पेल्मा हाइड्रोपावर प्रोजेक्टलाई सर्वेक्षण अनुमति दिइएको छ । यो कम्पनीले गोरखाको पालुङटार नगरपालिका र तनहुँको भानु नगरपालिकामा 'मर्स्याङ्दी खोला जलविद्युत् आयोजना' निर्माणका लागि आगामी असोजभित्र सर्वेक्षणको काम सम्पन्न गर्ने जनाएको छ ।

एमए इनर्जी भेञ्चर्सले पनि गोरखामा जलविद्युत् सर्वेक्षण गर्नका लागि अनुमतिपत्र प्राप्त गरेको छ । कम्पनीले सहिद लखन गाउँपालिकास्थित देउराली, मनकामना र बक्राङको दरौंदीबाट १४.९ मेगावाट क्षमताको 'दरौंदी/मर्स्याङ्दी जलविद्युत् आयोजना' निर्माणको सर्वेक्षण गर्न लागेको हो । खानदह हाइड्रोपावर प्रालिले 'सुपर दरौंदी खोला ई जलविद्युत् आयोजना' निर्माणका लागि सर्भेक्षण गर्न सुरु गरेको छ । बारपाकमा निर्माण गरिने प्रस्तावित ९.४ मेगावाट क्षमताको सो आयोजनाको २०८३ साउनसम्ममा सर्वेक्षण हुने उक्त कम्पनीले जनाएको छ ।

बारपाककै दोर्दी खोलामा सात मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माणका लागि गोरखा दरौंदी हाइड्रोपावर प्रालिले अनुमतिपत्र लिएको छ । कम्पनीले २०८३ असोजभित्र 'सुपर दरौंदी-पाउखोला जलविद्युत् आयोजना' निर्माणका लागि सर्वेक्षण गरिरहेको छ । मेटा ऊर्जा प्रालिले धार्चे गाउँपालिका-१ को दोभान खोलामा ५.२ मेगावाटको 'माथिल्लो दोभान खोला जलविद्युत् आयोजना' निर्माणका लागि २०८३ पुसभित्र काम सक्ने गरी सर्वेक्षण गरिरहेको बताएको छ । यसैगरी, पेल्टोन हाइड्रो इनर्जी प्रालिले केरौंजाको यारु खोलाबाट १३ मेगावाट क्षमताको 'माथिल्लो यारु खोला जलविद्युत् आयोजना' निर्माणका लागि सर्वेक्षण अनुमति लिएको छ । कम्पनीले २०८३ पुसभित्र सम्पन्न गर्ने गरी सर्वेक्षणको काम सुरु गरेको जनाएको छ ।

# कालीगण्डकी लोकमार्ग : पन्ध्र वर्षमा ६५ प्रतिशत प्रगति, स्थानीय असन्तुष्ट

**पोखरापत्र संवाददाता**
पर्वत, १९ फागुन

उत्तर दक्षिण जोड्ने सबैभन्दा छोटो राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी लोकमार्ग १५ वर्षसम्म पनि पूरा हुन सकेको छैन ।

आर्थिक वर्ष २०६६/६७ देखि निर्माण सुरू भएको लोकमार्ग हालसम्म ६५ प्रतिशत मात्र प्रगति भएको हो । सरकारबाट पर्याप्त बजेट विनियोजन नहुनु नाकाबन्दी, भूकम्प, कोभिड-१९ को प्रभावलगायत कारणले डेढ दशकसम्म पनि आयोजना पूरा हुन नसकेको कालीगण्डकी करिडोर आयोजना कार्यालयले जनाएको छ ।

आयोजनाका अनुसार सडकका लागि आउने वार्षिक बजेटको सीमा पर्याप्त नभएका कारण निर्धारित मितिमा सडक सम्पन्न हुन नसकेको हो । चालु आर्थिक वर्षमा मात्रै ठेकेदारलाई भुक्तानी दिनुपर्ने दायित्व रू ५५ करोड रकम रहेको छ । कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पाल इन्जिनियर पिपुल गौतमका अनुसार हालसम्म लोकमार्गको ६५ प्रतिशत काम पूरा भएको छभने योजनाको सम्पन्न हुने अवधि थप गरी आर्थिक वर्ष २०८३/८४ सम्म पुऱ्याइएको छ । सडकको केही भाग छोडेर अधिकांशमा ११ मिटर चौडाइको बनाइएको छ । आव २०६६/६७ मा निर्माण थालनी भएको कालीगण्डकी कोरिडोरको कुल लम्बाइ ४९५ किलोमिटर रहेको छ । अनुमानित लागत रू ३० अर्ब ५७ करोड रहेकामा गैडाकोट-राम्दी-मालढुङ्गा खण्डको लागत रू २० अर्ब २२ करोड र बेनी-जोमसोम-कोरलाको लागत रू १० अर्ब ३५ करोड रहेको छ । हालसम्म रू २० अर्ब बराबर खर्च भइसकेको उहाँले जानकारी दिनुभयो । लोकमार्ग निर्माणमा ढिलासुस्ती भएको भन्दै प्रभावित क्षेत्रका स्थानीयवासी आक्रोशित भएका छन् । कालीगण्डकी कोरिडोर निर्माण कार्यको सुस्तगतिका कारण सिँचाइ र खानेपानीका योजना अवरूद्ध, गोरेटाबाटो र सहायक कच्ची सडकमार्ग लथालिङ्ग भई जनजीवन प्रभावित बनेको स्थानीयवासीको गुनासो छ । कालीगण्डकी कोरिडोरको गैँडाकोट-राम्दी-मालढुङ्गा खण्ड निर्माण कार्यले तीव्रता दिई समयमै सम्पन्न गर्नुपर्ने सरोकारवालाको माग रहेको छ । संविधानसभा सदस्य तथा गण्डकी प्रदेशका पूर्वमन्त्री विकास लम्सालले बहुआयामिक महत्त्वको कालीगण्डकी कोरिडोर ठेकेदारले समयमा कार्यसम्पादन नगर्दा ढिलासुस्ती भएको भन्दै आर्थिक समृद्धिको ढोका खोल्ने सम्भावना बोकेको कोरिडोर निर्माणमा ढिलाइ हुनु दुःखद भएको बताउनुभयो । लोकमार्गका सबै बाटो खुलिसकेको भए तापनि केही खण्डमा काम सन्तोषजनक नहुनु दुःखद रहेको उहाँले बताउनुभयो । सरकारबाट रू एक अर्ब ५० करोड बजेट सुनिश्चित भइसकेको अवस्थामा तीव्र गतिमा काम हुनुपर्ने उहाँको भनाइ छ । फलेवास नगरपालिकाका नगरप्रमुख गङ्गाधर तिवारीले कोरिडोर आर्थिक समृद्धिको आधार भएको हुँदा छिटो सम्पन्न हुनुपर्नेमा जोड दिनुभयो । कोरिडोर निर्माणको क्रममा लथालिङ्ग भएका सिँचाइ, खानेपानी र बाटाघाटालाई स्थानीयवासीको मागबमोजिम स्थानीय सरकारले समाधान गर्दै जाने भन्दै आयोजनाले समेत द्रुत गतिमा निर्माण गर्नुपर्ने बताउनुभयो । पर्वतको विहादी गाउँपालिकाका पूर्वअध्यक्ष कमलप्रसाद भुसालले आफूहरू सदरमुकाम जान तीन जिल्लाको फन्को मारेर जानुपर्ने समस्याको करिडोरले अन्त्य गरेको भए तापनि सन्तोषजनक काम भने हुन नसकेको बताउनुभयो । विहादी खण्ड कालोपत्र सम्पन्न भएकाले त्यहाँका स्थानीयवासी खुसी भएको र त्यहाँको कृषि उपज वस्तु बजारीकरणमा सहज भएको उहाँको भनाइ छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ दोबाटो खेल मैदान स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः दोबाटो खेल मैदान स्तरोन्नती
ठेगानाः पोखरा-१३, कास्की
योजना शुरु हुने मितिः २०८१/१०/१९ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८१/११/०६ गते
योजनाको कुल लागतः रु.५,८८,२३५।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु.८८,२३५।-
अध्यक्षः श्रीराम सिग्देल सम्पर्क नं.: ९८०११९१८११
निर्माण समिति सदस्य संख्याः १५
महिलाः ४, पुरुषः ११

**श्री मोहरपानी आर्दश टोल विकास संस्था**
**पोखरा-१३, कास्की**

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**प्रादेशिक स्वास्थ्य निर्देशनालय**
## मातृशिशु मितेरी प्रादेशिक अस्पताल
**पोखरा, कास्की**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/११/२०

आ.व. ०८१/८२ मा अस्पतालको लागि आवश्यक RAMP निर्माण गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म/संस्थाबाट बोलपत्र पेश गर्न सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र आव्हान सम्बन्धी बिस्तृत जानकारीका अस्पतालको वेभसाईट https://msmhospital.gov.np तथा e-GP पोर्टलबाट प्राप्त गर्न सकिने छ ।

**मेडिकल सुपरिटेन्डेन्ट**

# विदेश र बजारबाट गाउँ फिरेका ध्रुबको रैथाने खेती

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ फागुन



रोजगारीको सिलसिलामा तीन वर्ष सिङ्गापुर र पाँच वर्ष साइप्रसमा बिताएका म्याग्दीको मङ्गला गाउँपालिका-२ सिमका ध्रुब खत्रीका परिवारको बसोबास विसं २०७६ अघि पोखरामा थियो । कोरोना महामारी फैलिएपछि रोकथामका लागि गरिएको बन्दाबन्दीका समयमा पोखराबाट जन्मथलो आउनुभएका केसीको बसाइँ पछिल्लो पाँच वर्षयता सिम गाउँमा छ ।

"हाम्रा हजुरबुवाका पाँच परिवार सन्तान हामीहरु विदेश र सहर पसेपछि यहाँको खेतीयोग्य जमिन कजाउन अरुलाई नै अधिया र बन्दकी दिएका थियौँ," उहाँले भन्नुभयो "कोरोनापछि गाउँ फर्किएर मेरो पुर्ख्यौलीका साथै दाजुभाइको एक सय रोपनी जग्गा भाडामा लिएर रैथाने जातको धान खेती गर्दै आएको छु ।" सिमकाजी ब्रर्दश भेञ्चर प्रालिमार्फत रैथाने गौरिया, जेठोबुढो धान, मकै र गहुँ खेतीका साथै खत्रीले भैँसीपालन गर्नुभएको छ । म्याग्दी नदीको किनारमा सिँचाइको सुविधा भएको उर्वरायुक्त सिम, सिमलचौर, बाबियाचौर, पोक, सातबिसे, शेरा, पिपलबोट, रणवाङ र छिस्वाङको फाँट जिल्लाकै राम्रो खाद्यबाली हुने जमिन मानिन्छ । खत्रीका पूर्खाहरुले तीन सय वर्षअघि पोखराबाट आएर सिममा जग्गा किनेका थिए । खत्रीले यस वर्ष एक सय मुरी धान फलाउनुभएको छ । बिक्री नहुने धानलाई चामल बनाउन घरमै विद्युत्बाट चल्ने मिल राख्नुभएको छ । "घरमा आवश्यक पर्ने २५ मुरी राखेर ७५ मुरी बिक्री गर्छु," खत्रीले भन्नुभयो "धान प्रतिपाथी रु चार सय र चामल प्रतिपाथी रु एक हजारका दरले बिक्री हुन्छ ।" पकाउँदा घरबाहिरै छुट्टै किसिमको मगमग बास्ना आउने र खाँदा स्वादिलो हुने गौरिया जातको धान म्याग्दीको रैथाने बाली हो । सहर बजारका तारे होटलदेखि घरानिया व्यापारी, उच्च तहका नेता, कर्मचारी गौरिया धानको चामलका उपभोक्ता हुन् ।

"गौरीया धान पाक्दा खेतनै बास आउँछ । भान्छा कोठामा गौरियाको भात पकाउँदा आगनसम्मै बास्ना आउँछ," खत्रीले भन्नुभयो "गौरियाको भात खाइरहेकालाई अरु धानको भात रुच्दैन् । गौरियानै खोज्छन् ।" स्थानीयवासीका अनुसार चार पुस्ता अघिदेखि खेती हुँदै आएको गौरियाको वैज्ञानिक र अङ्ग्रेजी नाम अझै पहिचान भएको छैन् ।

म्याग्दी नदीको तटीय क्षेत्रमा पर्ने गैरीखेतमा खेती हुने भएकाले गौरिया नाम राखिएको पिपलबोटका किसान छविलाल कँडेल बताउँनुहुन्छ । गौरिया धानको चामल भात, पुलाउ, खिर र सेलरोटी बनाउने पिठोका लागि उपयुक्त हुन्छ । न्यानो ठाउँमा हुने गौरिया धानको बोट अग्लो हुन्छ र सिँचाइका लागि धेरै पानी आवश्यक पर्छ । असारको १५ गते रोपिने गौरिया कात्तिक १५ गतेको आसपासमा पाकेर भित्र्याउने हुन्छ । गौरिया धानको दाना अरु जातको भन्दा सानो हुन्छ । अन्य जातको तुलनामा गौरियाको उत्पादकत्व कम हुन्छ । पकाउँदा भात बढी देखिने गौरिया उपभोग गर्दा आडिलो पनि हुने उपभोक्ताको अनुभव छ । सुत्केरी, किरिया बसेकालाई गौरिया धानको चामलको भात उपभोगी हुने बताइन्छ । पोखराको घर जग्गा छोराछोरीको जिम्मा लगाएका खत्रीले सिममा खाद्यबालीको साथै भैँसीपालन र बेनी-दरवाङ सडक छेउमा किराना पसलसहितको रेष्टुरेन्ट सञ्चालन गर्नुभएको छ । वार्षिक रु १० लाख भन्दा बढीको धान, चामल, दूध, खसीबोका र कुखरा बिक्री हुने खत्रीले बताउनुभयो । एक वटा स्थानीय लिमे-पारकोटे र दुई वटा उन्नत मुर्रा जातको भैँसीसँगै खत्रीले खसीबोका उत्पादन गर्न बाख्रा पनी पाल्नुभएको छ । हाल दैनिक १० लिटर दूध बिक्री गर्ने उहाँले भैँसीको सङ्ख्या बढाउने सोचमा हुनुहुन्छ । खत्रीकी श्रीमतीले उहाँलाई खेतीपाती र व्यवसायमा साथ दिनुभएको छ । एक जनालाई नियमित र भित्र्याउने समयमा अरु धेरै जनालाई रोजगारी दिनुभएको छ । वैदेशिक रोजगारको बढ्दो आकर्षणका कारण खेतबारीमा काम गर्ने जनशक्ति नपाउने, ज्यालाको मूल्य बढ्नु, तापक्रम वृद्धिका कारण खेतीपात्रो परिवर्तन हुनुलाई खत्रीले चुनौतीका रुपमा लिनुभएको छ । पूर्खाहरुले तीन सय वर्षअघि बनाएको घरमा 'होमस्टे' सञ्चालनको तयारी गरेका खत्रीले पाहुनालाई रैथाने गौरिया धानको भात, भैँसीको दूघदही, कुखुरा र खसीबोकाको मासुका परिकार चखाउने योजना बनाउनुभएको छ । सिमलाई कृषि, पर्यटकीय गाउँको रुपमा विकास गर्ने सामाजिक गतिविधिमा पनि जोडिएका खत्रीको योजना छ । बेनीदेखि १२ दशमलब पाँच किलोमिटर पश्चिमतर्फ कालोपत्र सडकको पहुँच भएको सिम प्राकृति उपचारस्थल सिङ्गा तातोपानीदेखि चार दशमलब पाँच किलोमिटर नजिक छ ।

रोजगारी, अवसर र सुविधाका लागि धेरै नेपाली सहरमा बसाइँसराइ र विदेशिने क्रम बढिरहेका बेला विदेश र बजारबाँट गाउँ फर्केका खत्रीले सकारात्मक सन्देश दिनुभएको मङ्गला गाउँपालिका-२ का वडाध्यक्ष धनबहादुर खाती खत्रीले बताउनुभयो । "गाउँमा पनि सम्भावना र अवसर छ भनेर उदाहरण प्रस्तुत गर्नुभएका ध्रुबको प्रयासलाई हामीले पनि साथ दिएका छौँ," उहाँले भन्नुभयो "सिम, कोत्रवाङ र तोराखेतमा सिँचाइ सुविधाका लागि गण्डकी प्रदेश सरकारको लगानीमा घुरेनी कोत्रवाङ सिँचाइ योजना निर्माणाधीन छ ।"

# जलविद्युत् आयोजनाले बढायो विकास

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ फागुन

धौलागिरि गाउँपालिका-४ चेचुङकी ६८ वर्षीया तुलमती घर्ती गाउँमा मोटरेबल सडकको पहुँच विस्तारले खुसी हुनुहुन्छ । आफ्नै वडा कार्यालयमा जान समेत घण्टौँको पैदलयात्रा गर्नुपर्ने चेचुङवासीले यसअघि सवारीसाधन चढ्न मालिका गाउँपालिका-७ शिवरात्रिखोला पुग्नुपर्ने बाध्यता थियो । अक्करे भिरलाई छिचोल्दै गाउँमा मोटरबाटो पुग्न चेचुङवासीलाई जलविद्युत् आयोजना सहयोगी बनेका हुन् ।

"अहिलेसम्म त सहर बजार जान पनि पैदलै घण्टौँ हिँड्दै आएका थियौँ, खाद्यान्नलगायतको सामान पनि बोकेरै लैजानुपर्ने बाध्यता थियो, धुलो उडाउँदै भए पनि गाउँमा गाडी बाटो आयो, हामीलाई सुविधा भएको छ", घर्तीले भन्नुभयो । सडक निर्माणका लागि यहाँ सञ्चालित जलविद्युत् आयोजनाको भूमिका छ । हाइड्रो इम्पायर प्रालि प्रवर्द्धक रहेको ३७ मेगावाट क्षमताको माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाले नाउरादेखि १९ घरधुरी रहेको चेचुङगाउँ जोड्ने पाँच किलोमिटर सडक निर्माण सम्पन्न गरेको हो ।

प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्वका कार्यक्रमअन्तर्गत स्थानीयको मागअनुसार करिब दुई महिना डोजर परिचालन गरेर दुर्गम गाउँमा मोटरबाटो निर्माण गरिएको हो । यसबाट स्थानीयको समस्या केही हदसम्म सम्बोधन भएको छ ।

मोटरेबल सडक निर्माणले खाद्यान्नलगायतका सामग्री ढुवानीमा मानिसले बोक्नुपर्ने र खच्चडको भर पर्नुपर्ने बाध्यता हटेको छ । धौलागिरि गाउँपालिका-४ मुदीमा निर्माणाधीन ६५ मेगावाट क्षमताको म्याग्दीखोला, ३७ मेगावाट क्षमताको माथिल्लो म्याग्दी र ५३ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो म्याग्दी-१ जलविद्युत् आयोजनालेमालिकागाउँपालिका-७ शिवरात्रिखोलादेखि खाम्ला, नाउरा हुँदै जेल्टुङ बगरसम्म १५ किलोमिटर सडक निर्माण गरेका छन् । चेचुङ र बगरसँगै खिबाङमा समेत जलविद्युत् आयोजनाकै लगानीमा सडकमार्ग जोडिएको छ ।

आयोजनाको पहुँचमार्ग निर्माणका क्रममा सडकको ट्र्याक दुर्गम बस्तीसम्म पुगेपछि गाउँमा जलविद्युत् आयोजनासँगै विकास भित्रिएको मुदीका वडासदस्य समेत रहनुभएका बगरका स्थानीयवासी हरिप्रसाद तिलिजाले बताउनुभयो । "शिवरात्रिखोलाबाट बगर गाउँ पुग्न नाउराको भिरबाट एक दिनको यात्रा गर्नुपर्थ्यो, सडक बनेपछि अब एक घण्टामै यात्रा गर्न सकिने भएको छ, वडा र गाउँपालिकाको कार्यालयसँगै जिल्ला सदरमुकाम आउनजान समेत सडकले सुविधा दिएको छ", तिलिजाले भन्नुभयो ।

जलविद्युत् आयोजनाले म्याग्दी नदीमा बेलिब्रिज जडान गरेपछि खोलाबारी र पारिका बस्तीहरूमा समेत सजिलै आवतजावत गर्न सकिने भएको छ । मुदीको अर्चे र नेरवाङमा अझै सडक पुग्न सकेको छैन । पहाडी भेगका भिर पहाडका फेदी र कुनामा रहेका बस्तीमा सडक पुर्‍याउने काम चुनौतीपूर्ण रहेको अवस्थामा जलविद्युत् आयोजना भित्रिएसँगै सडकको सपना पूरा भएको वडाध्यक्ष यामप्रसाद घर्तीले बताउनुभयो । जलविद्युत् आयोजनाले सडक, पुललगायतका पूर्वाधारसँगै गाउँको शिक्षा, स्वास्थ्य, खानेपानीलगायतका क्षेत्रमा सघाउन थालेका छन् । सामाजिक उत्तरदायित्वअन्तर्गतका कामलाई प्रभावित क्षेत्रका बासिन्दाको आवश्यकता र विकाससँग जोड्ने प्रयास गरिएको धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । "जलविद्युत् गाउँपालिकाको प्रमुख सम्भावनाको आधार हो, यहाँ ठूला आयोजना भित्रदै गर्दा यस क्षेत्रको विकासमा पनि योगदान हुनुपर्छ भन्ने हाम्रो मान्यता छ, आयोजनामा आवश्यक पर्ने जनशक्तिमा समेत स्थानीयलाई अवसर दिन हामीले ध्यानाकर्षण गराइरहेका छौँ", गाउँपालिका अध्यक्ष पुनले भन्नुभयो ।

धौलागिरि गाउँपालिका भएर बग्ने म्याग्दी नदी र यसका सहायक नदीमा आठ वटा जलविद्युत् आयोजना दर्ता भएको र त्यसमध्ये तीन आयोजनाको निर्माण अघि बढेको उहाँले बताउनुभयो ।


## संस्थाको नाउँमा रहेको गैह्रबैंकिङ सम्पत्तीको गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रीको ७ दिने सार्वजनिक सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८१/११/२० गते**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १३, को नाउँमा रहेको तपसिल बमोजिमको अचल सम्पत्ती सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुले संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन् आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८औं दिनका दिन खोलिने हुँदा तपशिलमा उल्लेखित मिति, समय र संस्थाको कार्यालय पोखरा-१३ कुँडहर स्थित कार्यालयमा उपस्थित हुन समेत ईच्छुक खरिदकर्ता, बोलपत्रवाला तथा सम्बन्धित सबैलाई सूचित गरिन्छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । सम्पत्ती बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गरिन्छ ।

| क्र.सं. | जग्गाधनिको नाम | कित्ता नं. | क्षेत्रफल | जिल्ला | न.पा./गा.पा. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १५८ | १-०-३-१/ ५३४.५८ वर्ग मि. | कास्की | साविक धिताल-३ हाल माछापुच्छ्रे-६ | मिति २०७९/०९/२५ मा लिलाम सकार दाखिला खारेज भई आएको |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र रु १,०००/- (फिर्ता नहुने) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भई सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन कारोवार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफूले खरिद गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा खरिद गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्थाको भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. कुनैपनि अवस्थामा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । विक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
८. उक्त बिक्रीमा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क (पुँजिगत लाभकर बाहेक) खरिद गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ ।
९. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफ देही स्वयम् खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१०.बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै बोलपत्रको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
११.शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८१/११/२६ गतेसम्म<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः विहान १०:०० बजेदेखि बेलुका ०५:०० बजेसम्म | मितिः २०८१/११/२७ गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः २:३० बजे दिउँसो |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा-१३, कुँडहर, कास्की
फोन नं. ०६१-५८५७९५, ०६१-५८०५६७, ०६१-५७६९८८


# हिमपातले विद्यार्थी बिरामी हुँदा पठनपाठन प्रभावित

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ फागुन



बिहीबारदेखि परेको हिमपातका कारण चिसो बढ्दा ढोरपाटन उपत्यका क्षेत्रका विद्यार्थी बिरामी परेका छन् । एउटै विद्यालयका ५० बढी विद्यार्थी बिरामी पर्दा पठनपाठन प्रभावित भएको हो ।

बागलुङको ढोरपाटन नगरपालिका-९ स्थित ज्योति विकास माध्यमिक विद्यालय र सिद्धबराह प्राथमिक विद्यालयका विद्यार्थी बिरामी परेका हुन् । ज्योति विकास माध्यमिक विद्यालयका १८३ जना विद्यार्थीमध्ये करिब १०० विद्यार्थी मात्रै पढ्न आएको प्रधानाध्यापक चकबहादुर अदैले जानकारी दिनुभयो । विद्यालय आएका विद्यार्थीहरू पनि ज्वरो र रूघाखोकीबाट ग्रसित बनेको उहाँको भनाइ छ । बिहीबार रातिदेखि नै ढोरपाटनमा हिउँ परेको थियो । विद्यालयमा बालबालिकालाई न्यायो बनाउने कुनै पनि सामग्री नहुँदा चिसो सिरेटाका कारण विद्यार्थी बिरामी परेको प्रधानाध्यापक अदैले सुनाउनुभयो । बालबालिका बिरामी हुन थालेपछि विद्यालय नै बन्द गर्नुपर्ने स्थिति आउन सक्ने उहाँको भनाइ छ । चिसोका कारण गत पुस २० गतेदेखि बन्द भएको विद्यालय माघ २० गतेदेखि सञ्चालनमा आएको अदैले जानकारी दिनुभयो । "गर्मी बढ्ने बेला हिउँ पर्‍यो, धेरै विद्यार्थी बिरामी परेर पठनपाठन प्रभावित बनेको छ, दुई दिन हिउँ पर्‍यो, चिसो सिरेटो चल्ने गर्छ, माथिल्लो डाँडामा अझै बाक्लो हिउँ छ," अदैले भन्नुभयो, "विद्यालयमा बालबालिकाको उपस्थिति कम हुँदै गएको छ, चिसोका बेला विद्यार्थीलाई न्यायो बनाउने सामग्री हुन्थ्यो भने पठनपाठन गर्न सहज हुन्थ्यो, चिसो ठाउँमा सिमेन्टका भवन छन्, त्यसले झन् चिसो हुन्छ ।" उहाँले कोठा चिसो हुँदा मैदानमै बसेर पढाउने गरेको भन्दै दिनभर चिसो सिरेटो चल्दा पठनपाठन गर्न समस्या भएको सुनाउनुभयो । कक्षाकोठामा हिटरको व्यवस्थापन गर्न सके सहज हुने अदैको भनाइ छ । ढोरपाटन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी घिमिरेले पूर्वधार निर्माणबाहेक अरू केही नगरेको बताउनुभयो ।

चिसो ठाउँमा बालबालिकालाई सुरक्षित साथ पठनपाठन गराउन न्यानो प्रदान गर्ने सामग्रीहरू उपलब्ध गराउन आवश्यक रहेको उहाँको भनाइ छ ।